नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

पत्र संख्या :
चलानी नं.:

सिंहदरबार, काठमाडौं
नेपाल ।

# गोरखा-बुढीगण्डकी बाढी सम्बन्धी प्रेस नोट

आज मिति २०८३ असोज २५ गते बिहान गोरखा जिल्लाको चुमनुब्री गाउँपालिका-६ लोक्पादेखि चुम्लिङको बीचमा ठूलो पहिरो गई सोही स्थान भएर बग्ने बुढीगण्डकी नदी थुनिई लेदो सहितको ठूलो बाढी जादा भौतिक क्षति भएको छ। हालसम्म चुमनुब्री गापा-६ चुम्चेतको उङ्गिलुङ निवासी भेडीगोठमा रहेका २ महिला र ३ पुरुष गरी ५ जना सम्पर्क विहिन छन्।

**हालसम्म प्रतिकार्यका लागि भएका कार्यहरुः**

१) ई.प्र.का. आरुघाटबाट तत्काल २५ जनाको प्रहरी टोली खटिई नदी तटीय क्षेत्रका मानिसहरुलाई सुसूचित गराई सुरक्षित स्थानमा सारिएको।

२) सल्लेरीस्थित टाइम्स उर्जा प्रा.लि.का १२ जना कर्मचारीलाई सुरक्षित स्थानमा सारिएको।

३) जलविज्ञान तथा जलस्रोत अनुसन्धान केन्द्र, बाढी पूर्वानुमान महाशाखामा विहान ६:०० बजे बाढीको सूचना प्राप्त हुनासाथ गोरखा, धादिङ, चितवनको वेनिघाटसम्मका सर्वसाधारणलाई एसएमएस मार्फत पूर्वसूचना सम्प्रेषण गरिएको।

४) प्राधिकरणमा विहान ६:०० बजे बाढीको सूचना प्राप्त हुनासाथ गोरखा, धादिङ, तनहुँ, चितवन, नवलपरासी पूर्व र पश्चिम जिल्ला र केन्द्रका गरी २२१ जना प्रतिकार्यकर्ता (Responders) हरुलाई तुरुन्त प्रतिकार्यमा खटिन एसएमएस मार्फत सूचना सम्प्रेषण गरिएको।

५) विहान करिव ६:३० बजेदेखि प्राधिकरणका कार्यकारी प्रमुख डा.धर्मराज उप्रेतीको अध्यक्षतामा प्राधिकरणमा मनसुन प्रतिकार्य कमाण्ड पोष्टको बैठक निरन्तर जारी रहेको। बैठकमा बाढीको निरन्तर अनुगमन, अवस्था विश्लेषण र आवश्यक सूचना सम्प्रेषण तथा प्रतिकार्यका लागि सम्बन्धित निकायलाई आवश्यक समन्वय, सहजीकरण तथा निर्देशन दिइएको।

६) नेपाली सेनाबाट ३ वटा Special Force सहित १२७ जना, नेपाल प्रहरीबाट १३३ जना र सशस्त्र प्रहरी बल, नेपालबाट १७७ गरी ४३७ जना सुरक्षाकर्मी प्रभावित क्षेत्रमा परिचालित भएको। विपद् प्रतिकार्य तथा तालिम केन्द्रमा नेपाल प्रहरीको ५० जनाको टोली तयारी अवस्थामा रहेको।

७) नेपाली सेनाको ४ वटा हेलिकोप्टर प्रभावित क्षेत्रमा खोज तथा उद्धारका लागि परिचालन भएको। प्रभावित क्षेत्रबाट हालसम्म ४७ जनाको नेपाली सेनाको हेलिकोप्टरबाट उद्धार गरी सुरक्षित स्थानमा राखिएको।

८) सडक र हेलीबाट तत्काल अत्यावश्यक राहत सामाग्री ढुवानीको कार्य भएको।

फोनः ०१-४२११९७, ४२११९५, ४२११४८३, टोल फ्रि: ११४९, इमेल : ndrrma@gmail.com, info@bipad.gov.np, URL:www.bipad.gov.np

नेपाल सरकार
गृह मन्त्रालय
# राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

पत्र संख्या :
चलानी नं.:

सिंहदरबार, काठमाडौं
नेपाल ।

९) घटनाको कारण पत्ता लगाउन ड्रोन तथा भूगर्भविद्सहितको ३ जनाको टोली परिचालन भएको।

१०) सडक विभाग तथा स्थानीय पूर्वाधार विकास विभागको महानिर्देशकसहितको टोली सडक संचालन तथा बेलिब्रिज संभाव्यता अध्ययनका लागि खटिएको।

११) गोरखा, लमजुङ र तनहुँ जिल्लाका जिल्लास्तरीय द्रुत प्रतिकार्य टोली (RRT) र प्रदेश अस्पताल गोरखा, तनहुँ र लमजुङका आपत्कालीन चिकित्सकीय टोली (RRT) लाई स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय र स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशद्वारा तयारी अवस्थामा राखिएको।

**बाढीका कारण भएको क्षतिको हालसम्म प्राप्त विवरण:**

१) चुमनुब्री गा.पा.-३ न्याकचेत स्थित न्याकचेतबाट सिर्दिबास जोड्ने पुरानो झोलुङ्गे पुल बगाएको।

२) सोही स्थानमा एक घर बगाएको र एक घरमा बाढी पसेको।

३) गोरखा धार्चे गा.पा.-५ स्थित माछिखोलाबाट केरौजा जोड्ने झोलुङ्गे पुल बगाएको।

४) धार्चे गा.पा.-३ सल्लेरी स्थित निर्माणाधिन टाइम्स उर्जा प्रा.लि.का र वरपर रहेका ७/८ वटा घरहरु बगाएको।

५) आरुघाट गा.पा.-९ नयाँपुल स्थित गोरखाको आरुघाटबाट धादिङ जोड्ने पक्की पुल तिन भाग रहेकोमा गोरखा तर्फको एक भाग बगाई क्षति भएको।

६) ऐ. माछिखोला स्थित तल्लो बस्तीमा बाढी पसेको र २०/२२ घरहरु जोखिममा रहेको।

७) आरुघाट गापा-२ र ३ जोड्ने सोतीमा रहेको फलामे पक्की पुल बगाएको।

८) बुढीगण्डकी (३४१ मेगावाट) मुख्य क्याम्प क्षेत्र र केही निर्माण उपकरण बगाएको।

९) दुई वटा टेलिफोन टावर र ५० वटा विजुलीको पोल क्षति भएको।

बुढीगण्डकी नदीको तटीय क्षेत्रका बासिन्दाहरुले आज साँझसम्मै नदी किनार र जोखिमयुक्त बस्तीबाट सुरक्षित स्थानमा रहन, जोखिमयुक्त पुल र सडकबाट आवतजावत नगर्न, स्थानीय प्रशासन तथा सुरक्षा निकायका निर्देशन पालना गर्न अनुरोध गर्दछौं।

मितिः २०८३/०६/२५ गते, आइतबार

..............................
(शान्ति महत)
प्रवक्ता/उपसचिव